'टुकी पाठशाला'

मध्य पृष्ठबाट जारी...



तम्घासको पुराना जमानाको पठनपाठनलाई सम्झँदै ताराप्रसाद पाण्डे (कोले) (१९९९) यसो भन्नुहुन्छ– मैले सामान्य अक्षर चिनारी मेरो बुबा शोभाखर पाण्डे र दाजीहरूबाट गरेँ। अक्षर चिनीसकेपछि त्यस बेला विभिन्न स्तोत्रावली, दुर्गाकवच, सप्तशती चण्डी, रुद्रि, वेद, चिठी, तमसुक जस्ता घरायसी लिखतहरू लेख्न, पढ्न सिक्ने परम्परा थियो। यसैका लागि उधिनढुङ्गाका पं. दुर्गाप्रसाद पन्थी (बुढारे) का घरमा जाने व्यवस्था बुबाले मिलाइदिनुभएको थियो।

पुरानू गुरुकुल परम्पराको पढाइ थियो त्यो। दुर्गाप्रसाद गुरु हामीहरूका पुरोहित पनि हुनुहुन्थ्यो। उहाँकहाँ पढ्न जाने केटाकेटीहरू सबैजसो उहाँका यजमानका लालाबाला थियौँ। त्यसैले होला हामीलाई पढाए बापत भनी उहाँले केही पनि लिनुहुन्नथ्यो। पढाइ बिहानमा हुन्थ्यो। पाठ लिने (सन्था लिने) र पाठ बुझाउने गर्नुपर्थ्यो। लेख्नभन्दा पढ्न

वि.सं. २००८ सालतिरको कुरा हो, भारतको ऋषिकेशबाट धेरै विषयको ज्ञान भएका योगी महाराज तम्घासमा आउनुभएको थियो। उहाँले उधिनढुङ्गाका पौवामा बसेर स्थानीय केटाकेटीलाई आधुनिक शिक्षा दिने विचार गर्नुभयो। अभिभावकको सरसल्लाहले हामीहरू पनि योगी महाराजसँग पढ्न जाने भयौँ। उहाँलाई खाने निर्वाहका लागि आलोपालो खर्च लगिदिने गर्थ्यौं। बसेको ठाउँ र भाँडाकुँडा सफा गरिदिने गरेर गुरुको सेवा गर्थ्यौं। उहाँले हामीलाई अङ्ग्रेजी पनि सिकाउने गर्नुहुन्थ्यो।

यसरी सिक्नेमा चन्द्रप्रसाद श्रेष्ठ, मथुराप्रसाद श्रेष्ठ, धर्मराज पाण्डेसमेतका १०, १२ जना थियौँ। जोगीले गाईखाने विद्या (अङ्ग्रेजी) पढाए भन्ने हल्ला छिमेकमा हुन थाल्यो। यो कुरा योगी गुरुलाई पनि थाहा भएछ। अनि गुरुलाई सनक चढेछ, गुरु हिँडिहाल्नुभयो। लगभग चार महिना जति पढेर हाम्रो पढाइ अलपत्रै भएर टुङ्गियो।

यसैगरी उपल्लो तम्घासमा पं. परशुराम पन्थी (१९७७) र उहाँका बुबाले पनि आफ्नै घर दलानमा स्थानीय बालबालिका पढाउने गर्नुहुन्थ्यो। मरासिनी खलकमा पनि यसरी पढ्ने पढाउने परम्परा थियो। २००९ सालतिर स्थानीय व्यक्तिहरू मिलेर तम्घास चिदिचौरमा छाप्रो बनाई स्कूल खोल्ने काम भयो।

वि.सं. १९६९(१९५९?) सालमा सरकारी तवरबाट खुलेको रिडी संस्कृत पाठशालाको सुरुआति चरणकै नेतृत्व लिने हेड गुरु ढुण्डिराज पन्थी जन्माउने धुर्कोटमा शिक्षाको ज्योति राम्रोसँग धप्केको कुरा सहजै अनुमान गर्न सकिन्छ। तर पनि स्थानीय स्तरमा औपचारिक शिक्षाको संस्थागत प्रयास हुनु अघिको एक झलक दिँदै खडानन्द भण्डारी (२००० वि.सं.) भन्नुहुन्छ– पढाउन सक्ने, पढ्न चाहनेहरू तम्घास, तानसेन, वाराणसी आदि ठाउँमा जाने गर्थे। ज्योतिष सिक्न पर्वतको पाङ पनि जान्थे। तर स्थानीयस्तरमा आफ्ना नानीहरूलाई हटियाको सुवेदारको पौवामा पढाउने व्यवस्था गरिएको थियो। सुरुमा यहीँकै रिखीराम पन्थी गुरुले पढाउनुहुन्थ्यो भन्ने बूढापाकाबाट भनेको सुनिन्थ्यो।

हामीले जान्दा यहाँ नयाँगाउँ अरौँदीका प्रह्लाद पोखेलले पढाउनुहुन्थ्यो। हामी १५/२० जना केटाकेटी जम्मा हुन्थ्यौँ। बाँसका सुपलामा बाँसका कलमले लेख्थ्यौँ। सिमीका पात मिचेर आएको रसमा हाँडी वा तावाको कालोमोसो मिसाएर एक नम्बरको मसी बनाइन्थ्यो। भेटिएमा सिसाका भाँडाको मसिनी बनाइन्थ्यो। त्यस्ता सिसी पाइएनन् भने माटाका साना भुर्कामा सो मसी राखिन्थ्यो। केराका पातलाई आगामा सेकाएपछि नच्यातिने र कागज जस्तै नरम पनि हुने रहेछ। आज जस्तो कागज प्रशस्त नभएको अवस्थामा हामीलाई कागजमै लेखेजस्तो आनन्द लाग्थ्यो।

बाँझकटेरीको विद्यालयविहीन शिक्षाको बारेमा आफ्नो जन्मस्थान र बाल्यावस्था सम्झँदै अर्जुन बोर्डिङ स्कुल तम्घासका प्रिन्सिपल दानबहादुर के.सी.(२००७) यसरी भन्नुहुन्छ– पढ्ने काम हिँउँदमा मात्र हुन्थ्यो। त्यसबेला पढ्नका लागि जम्मा हुने ठाउँ निपाने डाँडा, बिष्टका बारी, पञ्चमी पोखरी र खोला खेत थिए। धेरैजसो केटाकेटीलाई यीमध्ये जहाँ पायक पर्छ त्यही जम्मा भइन्थ्यो। नाङ्गो चउर, चौपारी, ढिक, कान्ला यस्तै हुन्थे हामी बस्ने ठाउँ। भिरकटेराका टीकाबहादुर सेन वली (१९७०–२०४९) र भीमबहादुर झाँक्रीमगर हाम्रा गुरु हुनुहुन्थ्यो। भीमबहादुरका हातमा सधैं मुरली हुन्थ्यो। अटेरी केटाकेटीलाई मुरलीको ढुङ्ग्रो गालामा जोडेर गाला निमोठ्ने गर्नुहुन्थ्यो। त्यसो गर्दा एकैछिन रहने गरी गालामा मुरलीको बाटुलो डाम बस्थ्यो। हामीले अक्षरको राम्रो आकार बनाउन नजान्दा त्यही मुरलीले हाम्रा पाटीमा डाम लगाइदिनुहुन्थ्यो। अहिलेका अभ्यास पुस्तिकामा हुने थोप्ले अक्षर "डट लेटर" को त्यो प्रारूप थियो क्यारे। यो मेरो टेक्ने, यो मेरो छेक्ने, परिआउँदाखेरि पुर्पुरो सेक्ने भने जस्तै थियो हाम्रो गुरुको मुरली।

हामी राम्ररी अङ्क अक्षर चिन्ने, शब्द वाक्य लेख्न जान्ने भइसकेपछि मरभुङतिरबाट रेशमीराज गुरु आउनुभयो।उहाँले संस्कृत पढाउनुभयो। विभिन्न स्तोत्र, चण्डी, कौमुदी पढाउनुभयो। यसपछि स्कुले शिक्षाका लागि तम्घास, पाल्पाजस्ता ठाउँतिर लागियो। उहाँहरूलाई के दिइयो भन्ने कुरा बुबाहरू मिलाउनुभयो होला। हामीलाई उति ख्याल रहेन।

पूर्व अञ्चलाधीश सूर्यबहादुर सेन ओली (१९९६) लाई मैले भनेको थिएँ-हजुर सानो छँदा स्थानीय स्तरमा विद्यालय नहुँदा अक्षर चिन्ने, पढ्ने काम कसरी भए होला ?

हामीले पढ्दा हिउँदमा मात्रै पढ्ने चलन थियो। मेरो बुबा धनबहादुर सेन ओली (१९६९–२०४९) भारतमा सुवासचन्द्र बोसको अङ्ग्रेज हटाऊ फौजमा लाग्नुभएको रहेछ। त्यहाँ हुँदा पढालेखाको मानमनितो देखेर सन्तान पढाउनुपर्ने रहेछ भन्ने लागेको रहेछ। उहाँ घर फर्की आएपछि अरू छिमेकलाई समेत सो कुरा बुझाई कान्छोबुबा टीकाबहादुर सेन ओली पढाउनको लागि तयार हुनुभयो। उहाँले (कान्छोबुबा) आफ्नो गोठमा पढाउन लाग्नुभयो। पढाउनेलाई मासिक डेढरुप्पे दाम, २/४ माना चामल, चामल नहुनेले मकैको आटो, १०/१२ दाना आलु, १/२ मुठी घिउ लगिन्थ्यो।

मङ्सीरदेखि चैतसम्म हाम्रा पढ्ने दिन हुन्थे। मकै छरेपछि पढाइ सकिन्थ्यो। कान्छाबुबाले ऐन स्रेस्ता, गणित (जोड, घटाउ, गुणन, भागा) नेपाली स्रेस्ता, चिठी, तमसुक, बन्धक (दृष्टि, भोग, लख) फार्से राजीनामा आदि पढाउनुभयो। पुनाराम भुसालले आफ्नै घरमा ज्योतिष पढाउनुहुन्थ्यो।

त्यस बेला अङ्ग्रेजी पढ्नुपर्छ भन्ने सोच अभिभावकमा आएको थियो। अग्लुङका एक जना बिष्टकी छोरीले प्रेम विवाह गरी एक जना भारतीय श्रीमान् ल्याएकी थिइन्। उनीहरू अग्लुङ हिराबहादुर बोहोराका घरमा डेरा गरी बस्थे। ती भारतीयसित अङ्ग्रेजी पढ्न भनी केटाकेटी जम्मा हुने रहेछन्। मेरो बुबाले मलाई ओख्लेदह बस्ने र अग्लुङ हिराबहादुरका घर गई तीनै भारतीयसित पढ्ने व्यवस्था मिलाइदिनुभयो। ती भारतीय भागेर भारततीर लागेपछि घरतिर फर्कियो।

यसपछि बुबाहरूले बाग्लुङ रजबाराका बेगमबहादुर शाहीलाई अङ्ग्रेजी पढाउन भनी ल्याउनुभयो। शाही गुरुले १५/१६ जना केटाकेटी जम्मा गरेर अङ्ग्रेजी पढाउन लाग्नुभयो। भारतीय गुरुबाट रोमन लेखाइ पढाइ सिकिएको थियो। बेगम गुरुले स्पेलिङविना अङ्ग्रजीका शब्दार्थ घोकाउनुहुन्थ्यो। एक सय शब्द जानेपछि कक्षा १ पास भएको मानिन्थ्यो।मैले एक हजार शब्द जानेँ र दस कक्षा पास गरेको भएँ विना प्रमाण पत्रको मौखिक योग्यता! तीन महिनापछि बेगम गुरु फिर्ता हुनुभयो र स्थानीय मिजबहादुर सेन ओलीले (१९७४–२०३६) पढाउन लाग्नुभयो। म भने तम्घासको स्कूलमा पढ्ने भनी घरबाट हिडेँ।

तम्घास स्कूलमा मलाई कक्षा तीनमा राख्ने भए। साना भुरासँग बसेर पढ्न मन परेन र पढिनँ। बरु कान्छा बुबाले पढाएको ऐन श्रेस्ता, नेपाली श्रेस्ताको सीप बेच्न लागेँ लेखन्दास बनेर। त्यसबेला (२०१०/११ साल) महिनाको २० देखि ६० रुप्पेसम्म कमाउँथेँ।

केही समयपछि तानसेन गएर पढ्ने भनी तानसेनतिर लागेँ। त्यहाँको एउटा स्कुलमा भर्ना हुन लाग्दा अङ्ग्रेजी जाने नजानेको सोधपुछ हुँदा एक हजार शब्द जानेको कुरा गर्वकासाथ भनेँ। अनि मलाई "मदरल्यान्ड"भन्ने निबन्ध पढ्न दिए। स्पेलिङ नदेखी नेपालीमा शब्द घोकेकोले मलाई अङ्ग्रजी पढ्न निकै गाह्रो पऱ्यो। मैले "मोथर लान्ड" उच्चारण गरेँ। यो सुनेर एकजना तरुनी मरीमरी हाँसिन्। मलाई निकै लाज लाग्यो। किनकी म पनि तन्नेरी भैसकेको थिएँ। अनि प्राइभेट रूपमा २ वर्ष पढेर तेस्रो वर्ष ९ कक्षामा भर्ना भएँ।

हाल नेपालकै शिक्षित जिल्लाको रूपमा चिनिने अर्घाखाँची गुल्मी जिल्लाको विद्यालय शिक्षापूर्वको कहानी कति तपस्यामय देखिन्छ। यी र यस्तै शैक्षिक इतिहास पढेर आफ्ना पूर्वजप्रति गौरव गर्नुपर्छ। अन्धकारमा बत्ती बाल्नु साँच्चै ठूलो कुरा हो। हार्दिक नमन ती अनवरत शैक्षिक उत्थानका लागि लाग्ने पूर्वजप्रति।

Sammarimai Rural Municipality
Office of the Rural Municipal Executive

Farena, Rupandehi
Lumbini Province, Nepal

Invitation for Online Bids

Date of publication: 24th Dec. 2023 (08th Poush 2080)

1. Sammarimai Rural Municipality, Rupandehi invites electronic bids from eligible bidders for following works under Single Stage Single-Envelope. Bidding is open to all eligible as per Section V of bidding document.

SN	Name of work	Contract ID	Fee of Bid Doc. (NRs.)	Bid Validity Period	Bid Security	
					Amount (NRs)	Validity Period (days)
1	Upgrading of Bangai Nibihawa Chotki Parsahawa Road	01/NCB/ Work/ PSA/080-081	3000.00	90 days	4,00,000.00	120 days
2	Construction of Bangai Gigna Nibihawa Road	02/NCB/ Work/ SSA/080-081	3000.00	90 days	4,50,000.00	120 days
3	Construction of Karauta Hadbadahawa Shubhandih Sano Hadbadahawa Black Topped Road.	03/NCB/ Work/ PSA/080-081	3000.00	90 days	1,40,000.00	120 days

2. Submission and Opening:

Submission of Bid		Opening of Bid		
Date	Time	Date	Time	
23rd January 2024	12:00 hrs	23rd January 2024	13:00 hrs	Bidders download the bidding document and submit their bids electronically through e-procurement section of PPMO's website www.bolpatra.gov.np/egp. Bidders should deposit the equivalent fee for bidding document in the following Revenue Account within the date and time specified.

3. RevenueAccount Details:

Account Holder's Name	Bank Name	Bank Address	Revenue Account Number
Sammarimai Rural Municipality	Nabil Bank Ltd.	Sammarimai	07101017500403

4. Pre-bid meeting shall be held at the office on 14th January, 2024 at 02:00 PM.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. Bidder may submit modification or withdrawal prior to the deadline prescribed for submission of bid through e-GP system by using forms and instruction provided by the system. Once a bid is withdrawn, bidder will not able to submit another bid response for the same bid.
7. Evaluation and Qualification Criteria: Firm Registration Certificate, Business Registration Certificate (License), VAT and PAN Registration certificate, Tax clearances certificate for the F/Y 2079/080 or Tax return submission evidence or evidence of tax time extension for and all other document specified on Bid Document.
8. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the procurement of works without assigning any reason, whatsoever. Other Procurement process remains as per rule of PPA 2063 and PPR 2064

Chief Administrative Officer

हार्दिक बधाई तथा शुभकामना

१२ औं
वर्ष प्रवेश
बुटवल पब्लिकेशन प्रा. लि. द्वारा प्रकाशित
बुटवल टुडे

पश्चिम नेपालको बुटवलबाट प्रकाशित **बुटवल टुडे** राष्ट्रिय दैनिक **१२औं वर्ष** मा प्रवेशको अवसरमा **हार्दिक बधाई** एवं **शुभकामना** व्यक्त गर्दछौं।

दीपक खनाल
प्राचार्य

लक्ष्मण खनाल
अध्यक्ष

एवं

कुंवरवर्ती इङ्गलिश बोर्डिङ्ग स्कूल परिवार
तिलोत्तमा-८, प्रदिपनगर, रुपन्देही

नगरपालिका बासीहरूमा हाम्रो अनुरोध

- जन्म, मृत्यु, बिवाह, बसाई सराई जस्ता व्यक्तिगत घटना दर्ता ३५ दिन भित्रै सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरुलाई विद्यालय पठाऔं।
- खानेपानी मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी सुद्धिकरण गरेर मात्र पिउने बानीको विकास गरौं।
- बाल बिवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० बर्ष पछि मात्र गरौं र गराऔं।
- आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं।
- गाउँघरमा रहेका पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको प्रबर्द्धन गरौं।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउँछाउँमा घाँस तथा अन्य विरुवा रोपी हरियाली प्रबर्द्धन गरौं।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित ब्यबस्थापन गरौं।
- दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामै गएर प्रसुती गराई आमा र बच्चालाई जोखिमबाट बचाऔं।
- प्राबिधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व बृद्धि गरौं।
- विभिन्न धार्मिक तथा पर्यटकीय स्थलहरुको संरक्षण गरी प्रबर्द्धनमा टेवा पुऱ्याऔं।
- स्क्रपटाइफस र डेङ्गी रोगबाट बच्न लामखुट्टेको टोकाई र अन्य परजिवीहरुको टोकाईबाट बचौं।

खिमानन्द आचार्य
प्रमुख प्रशासकीय अधिकृत

बालकृष्ण बन्जाडे
नगर उप-प्रमुख

भूमिकास्थान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नुवाकोट, अर्घाखाँची

यस अस्पतालका विशिष्ट सेवाहरू:

- जोर्नी फेर्नुपर्ने (Knee Replacement) तथा हिप फेर्नुपर्ने (Hip Replacement) सेवाहरूकासाथै दूरविन प्रविधि (Arthroscopic) बाट शल्यक्रिया।
- सामानन्य तथा जटिल शल्यक्रिया (विना चिरफार PCNL/URS/ Cystolithotripsy प्रविधिद्वारा) मृगौला, मूत्रनली तथा मूत्रथैलीमा भएको पथ्थरीको उपचार, विना चिरफार (TURP प्रविधिद्वारा) प्रोष्टेट ग्रन्थीको उपचार तथा (TURBT प्रविधिद्वारा) मूत्रथैलीको क्यान्सरको उपचार, दूरविन (Laparoscopic) प्रविधिद्वारा पित्त थैलीको पथ्थरीको उपचार, ऐपेन्डिक्सको उपचार।
- मृगौला रोगीहरूको लागि नि:शुल्क डायलासिस सेवा (Free Dialysis Service)।
- दक्ष, अनुभवी विशेषज्ञ चिकित्सक (Urologist) बाट अत्याधुनिक प्रविधीद्वारा पिसाब तथा पथ्थरी सम्बन्धी जाँच उपचार तथा शल्यक्रिया।
- मुटु, फोक्सो तथा रक्तनली शब्लयक्रिया युनिट (CTVS) को व्यवस्था।
- सुविधासम्पन्न मुटुरोग विभाग (उच्च रक्तचाप, हृदयघात, पक्षघात तथा मुटु सम्बन्धी सम्पूर्ण सेवाहरू - इ.सि.जि., इको, हल्टर, टि.एम.टि., अस्थायी पेशमेकर जडानको व्यवस्था आदि)।
- दाँत तथा मुख सम्बन्धी सम्पूर्ण सेवाहरू।
- रेडियोलोजी विभाग (साधारण एक्सरे तथा डिजिटल एक्सरे, अल्ट्रासाउण्ड, सि.टि.स्क्यान (CT Scan), मल्टी डिटेक्टर १६ सलाइस सि.टि.स्क्यान (Multi Detector 16 Slice CT Scan), एम.आर.आई. सेवा (MRI), मेमोग्राफी (Mammography), फ्लोरोक्कपी (Fluroscopy)। अत्याधुनिक आई.सि.यू. (ICU), एन.आई.सि.यू. (NICU), पि.आई.सि.यू. (PICU), सि.सि.यू. (CCU) तथा एम.आई.सि.यू. (MICU) को व्यवस्था।
- २४ औं घण्टा आकस्मिक उपचार सेवा इत्यादि।

Our Academic Program

- MBBS
- BDS
- MD/MS (Surgery, Paediatrics, Orthopaedics, Radiology, Anesthesia, Psychiatry, Medicine, Gynecology, ENT, Dermatology, Ophthalmology, Pathology, Microbiology, Antomy, Pharmacology, MDGP) MDS (Oral & Maxillofacial Surgery, Periodontics, Conserative Dentistry & Endodontics.
- Orthodontics & Dentofacia
- Orthopedics, Prosthodontics maxillofacial Prosthetics)
- B.Sc. Nursing
- Bachelor in Nursing (B.N.)
- Bachelor in Pharmacy (B.Pharma)
- Bachelor in Medical Laboratory (Technology (BMLT)
- B.Sc. Medical Imaging technology (B.Sc. MIT)
- Bachelor of Public Health (BPH)

ISO ९००१:२००९ प्रमाणित संस्था

युनिभर्सल कलेज अफ मेडिकल साईन्सेज, शिक्षण अस्पताल परिवार
रानीगाउँ, भैरहवा, रुपन्देही, नेपाल
फोन नं. ०७१–५०६०९२,५०६०३०,५०६०५२,५०६१३८,५०६१२१
फयाक्स:०७१–५०६०१२, **Email:** ucmsth_btw@wlink.com.np , **Website:** www.ucms.com.np